# सुदूरपश्चिम प्रदेश
# सचिव बैठकको निर्णयहरु
# बैठक संख्याः- ५/२०७५
# मितिः- २०७५/०१/३१:

२०७५ साल बैशाख३१ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी, कैलालीमा बसेको सचिव बैठकको निर्णयहरू

१. आजको बैठकमा यस अघि भएका बैठकको निर्णयको कार्यान्वयनअवस्था, प्रगति र समस्या समाधानकाविषयमा समीक्षागरियो ।

२) चालु आ.व. २०७४।०७५ को स्वीकृत बजेट तथाकार्यक्रमको कार्यान्वयनगर्ने प्रक्रिया, ढाँचा तथा संयन्त्रका सम्बन्धमाआर्थिक मामिलातथा योजनामन्त्रालयसँगपूर्व समन्वय गरी प्रचलितकानूनबमोजिमकार्यान्वयनगर्ने/गराउने कार्यमा संवद्ध सचिवहरु स्वयमक्रियाशिल रहने ।

३) आगामीआ.व. २०७५।७६ कालागिप्रदेश नं. ७को प्रदेश सरकारले अवलम्बनगर्ने नीतितथाकार्यक्रम सम्बन्धमामन्त्रालय/कार्यालय/सचिवालयको तर्फबाट मुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालयमा लेखि सोको बोधार्थ आर्थिक मामिलातथा योजनामन्त्रालय समेतमादिने ।
त्यसैगरी आगामीआर्थिक वर्षकालागि बजेट तथाकार्यक्रममा समावेश गर्नु पर्ने विषयबारे आर्थिक मामिलातथा योजनामन्त्रालयमा लेखि मुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय समेतमाबोधार्थ दिने ।

४) मुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालयकातर्फबाट प्रेषित “कार्यक्रमकार्यान्वयनकार्ययोजना”लाई अनुशरण गर्ने गराउने ।
आन्तरिकअनुगमन संयन्त्रमाआवश्यकताअनुरुपमुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय र संवद्ध विषयगतमन्त्रालय/निकाय समेतको प्रतिनिधित्व गराउने ।

५) “हेलो सिएम”कार्यक्रमका माध्यमबाट गुनासो व्यवस्थापन गरी सुशासनकायमगर्ने मुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत प्रस्ताव २०७५।१।३१ माप्रदेश मन्त्रिपरिषद्को बैठकको निर्णयबाट स्वीकृत भएकोमा सञ्चालनहुने दिन सहभागीहुने,अन्यमन्त्रालयले पनि टोल फ्रीनम्बर राखीगुनासो व्यवस्थापनगर्ने ।

६) आ.व. २०७४।७५ को बजेट तथाकार्यक्रममा स्वीकृत भएको विधुतीय सुशासनअन्तर्गत IP Camera, Websiteमाएकरुपताकायम गरी सञ्चालनमाल्याउने ।

७) सबै निकायले नागरिक वडापत्र कार्यालय परिसरमा राख्ने, सो वेबसाइटमा पनि राख्ने,साथै त्यस्तानागरिक वडापत्र एकीकृत गरी मुख्यमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालयले स्थानीयतहतथा सरोकारवालानिकाय समेतलाई उपलब्ध गराउने ।